# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६४।६५ को पहिलो दश महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६४/६५ को पहिलो दश महिनासम्ममा विस्तृत मुद्राप्रदाय १८.५ प्रतिशतले बढेको छ भने संकुचित मुद्रा प्रदाय १५.७ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा विस्तृत मुद्रा प्रदाय ९.५ प्रतिशत र संकुचित मुद्राप्रदाय ४.७ प्रतिशतले बढेको थियो । खुद वैदेशिक सम्पत्ति र खुद आन्तरिक सम्पत्ति दुबैको विस्तार उल्लेख्य रहेकोले समीक्षा अवधिमा मुद्रा प्रदाय बढेको हो ।

२. आवधिक निक्षेप समीक्षा अवधिमा १९.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त निक्षेप ११.८ प्रतिशतले बढेको थियो । विप्रेषण आप्रवाहको उल्लेख्य वृद्धिका कारण आवधिक निक्षेप बढेको हो । साथै, अघिल्लो वर्ष चलनचल्तीमा रहेको मुद्रा ५.२ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा उक्त मुद्रा १७.८ प्रतिशतले बढेको छ । ग्रामीण क्षेत्रसम्म विप्रेषण प्रवाहको विस्तार, सरकारी राहत खर्चमा वृद्धि र संविधानसभाको निर्वाचनमा भएको खर्चको कारण चलनचल्तीमा रहेको मुद्रा बढेको हो ।

### खुद वैदेशिक सम्पत्ति

३. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रू १९ अर्ब ८८ करोड (१५.१ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सम्पत्ति रू ६ अर्ब ९७ करोड (५.० प्रतिशत) ले बढेको थियो । उल्लेख्य विप्रेषण आप्रवाह र वैदेशिक सहायताको वृद्धिले गर्दा खुद वैदेशिक सम्पत्ति बढेको हो ।

### कुल आन्तरिक कर्जा

४. अघिल्लो वर्ष आन्तरिक कर्जा ११.२ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १६.६ प्रतिशतले बढेको छ । निजी क्षेत्रतर्फको बैंक कर्जामा विस्तार आएकोले समीक्षा अवधिमा आन्तरिक कर्जा बढेको हो । अघिल्लो आर्थिक वर्षको पहिलो दश महिनासम्म १६.७ प्रतिशतले बढेको निजी क्षेत्रतर्फको बैंक कर्जा समीक्षा अवधिमा १९.५ प्रतिशतले बढेको छ । आवास तथा गैर-आवास निर्माण क्षेत्र, थोक तथा खुद्रा व्यापार र घरजग्गा खरीदतर्फ समीक्षा अवधिमा उल्लेख्य कर्जा प्रवाह भएको छ । त्यसैगरी फलाम तथा स्टीलजन्य उत्पादन र खाद्य प्रशोधनतर्फ पनि बैंक कर्जा प्रवाहमा विस्तार आएको छ ।

५. वाणिज्य बैंकहरुले विकास बैंक तथा वित्त कम्पनीहरुतर्फ उल्लेख्य रुपमा अल्पकालीन कर्जा विस्तार गरेका छन् । नेपाल राष्ट्र बैंकसँग नेपाल सरकारको नगद मौज्दात उल्लेख्य रहेकोले मौद्रिक क्षेत्रको सरकारमाथिको खुद दावी विस्तार अघिल्लो वर्षझैं समीक्षा अवधिमा ऋणात्मक रहेको छ ।

### वाणिज्य बैंकहरूसँगको तरलता

६. आर्थिक वर्ष २०६४।६५ को पहिलो दश महिनासम्म वाणिज्य बैंकहरूको तरल सम्पत्ति ३.५ प्रतिशतले बढी कुल रू १३५ अर्ब ३७ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सम्पत्ति २.४ प्रतिशतले घटेको थियो । कुल तरल सम्पत्तिमध्ये तरलकोष रु. ७३ अर्ब २२ करोड रहेको छ भने नेपाल सरकारको ऋणपत्रमा गरेको लगानी रु. ६२ अर्ब १५ करोड रहेको छ । २०६५ बैशाख मसान्तसम्म वाणिज्य बैंकहरुसँग रहेको कुल निक्षेपसँग कुल तरल सम्पत्ति ३४.३ प्रतिशत हुन आउँछ ।

### तरलता व्यवस्थापन

७. समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय हस्तक्षेपमार्फत् वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १ अर्ब १९ करोड खुद खरीद गरी रू ७६ अर्ब ६१ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त हस्तक्षेपमार्फत् अमेरिकी डलर ७३ करोड १७ लाख खुद खरीद गरी रू ५२ अर्ब ४६ करोड

बराबरको खुद तरलता प्रवाह भएको थियो । उच्च विप्रेषण आप्रवाहले गर्दा विदेशी विनिमय बजारमा खरीद हस्तक्षेप बढेको हो ।

८. समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब २१ करोड बिक्री गरी रू ७७ अर्ब २७ करोड बराबरको भा.रू. खरीद भएको छ । अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर ६९ करोड भारतीय मुद्रा बजारमा बिक्री गरी रू ४८ अर्ब ८९ करोड बराबरको भा.रू. खरीद भएको थियो । भारतसँगको बढ्दो चालू खाता घाटा र नेपाल आयल निगमले भारतीय आयल निगमलाई तिर्नुपर्ने बक्यौता अघिल्लो वर्षभन्दा बढी भुक्तानी गरेकोले समीक्षा अवधिमा भा.रू. खरीद बढेको हो ।

९. समीक्षा अवधिमा खुला बजार कारोवारअन्तर्गत रिभर्स रिपो बोलकबोल उपकरणमार्फत् रू ६ अर्ब ५७ करोड र बिक्री बोलकबोलमार्फत् रू ६ अर्ब ४७ करोड गरी कुल रू १३ अर्ब ४ करोड बराबरको तरलता प्रशोचन भएको छ । २०६४ पुस र माघ महिनामा केही वाणिज्य बैंकहरूसँग तरलता अभाव भएकोले रिपो बोलकबोलमार्फत् कुल रू ९ अर्ब बराबरको तरलता प्रवाह भएको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा बिक्री बोलकबोलबाट रू १० अर्ब २० करोड र रिभर्स रिपो बोलकबोलबाट रू १४ अर्ब ६ करोड गरी कुल रू २४ अर्ब २६ करोड बराबरको खुद तरलता प्रशोचन भएको थियो भने रिपो बोलकबोलमार्फत् रू २ अर्ब बराबरको तरलता प्रवाह गरिएको थियो ।

१०. आर्थिक वर्ष २०६४।६५ को पहिलो दश महिनाको अवधिमा वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकबाट उपयोग गरेको स्थायी तरलता सुविधा कर्जा कुल रु. ९७ अर्ब ६० करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा वाणिज्य बैंकहरुले उपयोग गरेको स्थायी तरलता सुविधा कर्जा कुल रु. ३० अर्ब ९४ करोड रहेको थियो ।

**अन्तरबैंक कारोवार र अल्पकालीन व्याजदर**

११. समीक्षा अवधिमा वाणिज्य बैंकहरूबीचको कुल अन्तर बैंक कारोवार रू २२४ अर्ब ९७ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त कारोवार रू १३८ अर्ब ८१ करोड रहेको थियो । वाणिज्य बैंकहरुको नगद कोष व्यवस्थापन कार्यमा सुधार आएको र पूँजी बजारमा बैंक कर्जामा विस्तार आएकोले कुल अन्तर बैंक कारोवार समीक्षा अवधिमा उल्लेख्य बढेको हो ।

१२. समीक्षा अवधिमा ९१ दिने ट्रेजरी विलको भारित औसत मासिक व्याजदर ५.३२ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा ट्रेजरी विलको सो व्याजदर २.४३ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष भारित औसत मासिक अन्तर बैंक व्याजदर ३.३५ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ६.४८ प्रतिशत रहेको छ ।

## धितोपत्र बजार

१३. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्क ५७ प्रतिशतले वृद्धि भई २०६५ वैशाख मसान्तमा ८०६.२६ विन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६४ वैशाख मसान्तमा ५१३.४५ थियो ।

१४. बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ९७.९ प्रतिशतले वृद्धि भई २०६५ वैशाख मसान्तमा रु. २७४ अर्ब १० करोड पुगेको छ । यसले गर्दा २०६५ वैशाख मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३३.४ प्रतिशत पुगेको छ । २०६४ वैशाख मसान्तमा यस्तो अनुपात १९ प्रतिशत रहेको थियो । सूचीकृत कम्पनीहरुको बजार पूँजीकरणमा विगतमाझैं बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन् ।

१५. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि १९.६ प्रतिशत रही २०६५ वैशाख मसान्तमा रु. २५ अर्ब ५४ करोड पुगेको छ । नेपाल स्टक एक्सचेञ्ज लि. मा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो ।

१६. २०६५ वैशाख मसान्तमा नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचीकृत भएका कम्पनीहरुको संख्या १४८ पुगेको छ । २०६४ वैशाख मसान्तमा यो संख्या १३१ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये ११३ वटा वित्तीय संस्था, २१ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ५ वटा व्यापारिक संस्था, ३ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

१७. २०६५ वैशाख मसान्तमा मासिक कारोवारको बजार पूँजीकरणसँगको अनुपात (Turnover Ratio) ०.७० प्रतिशत पुगेको छ । यस्तो अनुपात २०६४ वैशाख मसान्तमा ०.३८ प्रतिशत रहेको थियो ।

१८. शेयर बजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको रोलिंग स्ट्याण्डर्ड डेभिएशन २०६४ बैशाख मसान्तमा ६४.४ रहेकोमा २०६५ वैशाख मसान्तमा १२६.८ पुगेको छ ।

१९. प्राथमिक निष्काशनतर्फ, चालू आर्थिक वर्षको पहिलो दश महिनामा नेपाल धितोपत्र वोर्डले ८ वटा कम्पनीहरुलाई रु. ४० करोड २४ लाख बरावरको साधारण शेयर, अन्य ३१ वटा कम्पनीहरुलाई रु. ५ अर्ब ४ करोड ४८ लाख बराबरको हकप्रद शेयर र नेपाल विद्युत प्राधिकरणसहित दुईवटा कम्पनीहरुलाई रु. १ अर्ब ९० करोड बरावरको डिवेञ्चरसमेत गरी रु ७ अर्ब ३४ करोड ७३ लाखको प्राथमिक निष्काशन अनुमति प्रदान गरेको छ ।

२०. नेपाल सरकारले चालू आर्थिक वर्षको पहिलो दश महिनामा रु. ८ अर्ब १२ करोड ५० लाखको ट्रेजरी बिल, रु. ३ अर्ब ९० करोडको विकास ऋणपत्र र रु. १ अर्ब ३० करोडको नागरिक बचतपत्रको प्राथमिक निष्काशन गरेको छ ।

## मुद्रास्फीति र ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

२१. आर्थिक वर्ष २०६४।६५ को पहिलो दश महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ९.२ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो मुद्रास्फीति ४.६ प्रतिशत रहेको थियो । खाद्य तथा पेय पदार्थ समूहको मूल्य उल्लेख्य १३.० प्रतिशतले वृद्धि भएकोले समग्र उपभोक्ता मुद्रास्फीति दर अघिल्लो वर्षको भन्दा समीक्षा अवधिमा अधिक रहेको हो । अघिल्लो वर्ष खाद्य तथा पेय पदार्थ समूहको मूल्य वृद्धि ६.१ प्रतिशत रहेको थियो ।

२२. २०६५ बैशाखमा दुई अंकको मूल्य वृद्धि भएका वस्तुहरुमध्ये खाने तेल तथा घ्यू उप-समूहको वार्षिक बिन्दुगत मूल्य वृद्धि सबैभन्दा बढी २७.६ प्रतिशत रहेको छ । २०६४ बैशाखमा यस उप-समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि ९.९ प्रतिशत रहेको थियो । २०६५ वैशाखमा अनाज तथा अनाजजन्य उपसमूहको वार्षिक विन्दुगत मूल्य वृद्धि २१.० प्रतिशत रहेको छ । २०६४ वैशाखमा यस उप-समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि  ६.४ प्रतिशत रहेको थियो । यस उप-समूहमा पर्ने चामल तथा चामलजन्य वस्तुहरुको वार्षिक विन्दुगत मूल्य वृद्धि २५.२ प्रतिशत रहेको छ । २०६४ वैशाखमा चामल तथा चामलजन्य वस्तुहरुको वार्षिक विन्दुगत मूल्य वृद्धि ३.८ प्रतिशत रहेको थियो । २०६५ वैशाखमा दलहन, दूध तथा दुग्धपदार्थ र माछा, मासु तथा फुल उप-समूहहरुको वार्षिक विन्दुगत मूल्य वृद्धि क्रमशः १२.१ प्रतिशत, १०.५ प्रतिशत र १०.२ प्रतिशत रहेको छ । २०६४ वैशाखमा यी उप-समूहहरुको वार्षिक विन्दुगत मूल्य वृद्धि क्रमशः ११.२ प्रतिशत, ६.३ प्रतिशत र ५.९ प्रतिशत रहेको थियो ।

२३. २०६५ वैशाखमा गैर-खाद्यवस्तु तथा सेवा समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि ५.३ प्रतिशत रहेको  छ । २०६४ वैशाखमा यस उप-समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि ३.० प्रतिशत रहेको थियो ।

२४. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा तराईमा सबैभन्दा बढी १० प्रतिशत मूल्य वृद्धि भएको छ भने पहाडमा ८.६ प्रतिशत र काठमाडौं उपत्यकामा ८.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः ५.० प्रतिशत, ४.० प्रतिशत र ४.४ प्रतिशत रहेको थियो ।

२५. २०६५ वैशाखमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) ७.५ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति ५.६ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति

२६. राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर २०६४ वैशाखमा ६.२ प्रतिशत रहेकोमा २०६५ वैशाखमा १०.१ प्रतिशत रहेको छ । राष्ट्रिय थोक मूल्य सूचकाङ्कमा पर्ने मूल्य वृद्धि भएका वस्तुहरुमध्ये २०६५ वैशाखमा खाद्य उप-समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि २१.१ प्रतिशत रहेको छ । २०६४ वैशाखमा यस उप-समूहको वार्षिक विन्दुगत मूल्य वृद्धि २.३ प्रतिशत रहेको थियो । त्यसैगरी, २०६५ वैशाखमा रासायनिक मल तथा रासायनिक वस्तुहरु तथा निर्माण सामग्री दुवै उप-समूहहरुको वार्षिक विन्दुगत मूल्य वृद्धि १७.६ प्रतिशत रहेको छ । २०६४ वैशाखमा यी उप-समूहहरुको वार्षिक विन्दुगत मूल्य वृद्धि क्रमशः ४.४ प्रतिशत र १४.२ प्रतिशत रहेको थियो ।

२७. समीक्षा अवधिमा मूल्य वृद्धि भएका अन्य उप-समूहहरुमध्ये स्वदेशमा उत्पादित खाद्यवस्तु, दलहन र यातायात तथा मेशीनरी वस्तुहरुको २०६५ वैशाखमा वार्षिक विन्दुगत मूल्य वृद्धि क्रमशः १३.९ प्रतिशत, १२.१ प्रतिशत र

११.७ प्रतिशत रहेको छ । यी उप-समूहहरुको मूल्य वृद्धि २०६४ वैशाखमा क्रमशः ८.९ प्रतिशत, ११.९ प्रतिशत र २.३ प्रतिशत रहेको थियो ।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२८. २०६५ वैशाख महिनामा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ७.० प्रतिशतले वृद्धि भएको छ । २०६४ वैशाखमा सो सूचकाङ्क ११.९ प्रतिशतले बढेको थियो । तलब तथा ज्यालादर सूचकाङ्कमध्ये तलब उप सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर समीक्षा अवधिमा १०.९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा यो सूचकाङ्क ६.२ प्रतिशतले बढेको थियो । २०६४ साउनदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा सरदर १७.० प्रतिशतको खुद वृद्धि भएकोले यस अवधिमा तलव सूचकाङ्कमा बढी चाप परेको हो । ज्यालादर सूचकाङ्क समीक्षा अवधिमा ५.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा यो सूचकाङ्क १३.८ प्रतिशतले बढेको थियो । २०६५ वैशाखमा ज्यालादरअन्तर्गत कृषि मजदूर, औद्योगिक मजदूर र निर्माण मजदूरको ज्यालादर सूचकाङ्क क्रमशः ६.३ प्रतिशत, ४.६ प्रतिशत र ७.१, प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो सूचकाङ्क क्रमशः १०.९ प्रतिशत, १९.२ प्रतिशत र ११.५ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति

### सरकारी बजेट घाटा/बचत

२९. आर्थिक वर्ष २०६४।६५ को पहिलो दश महिनाको अवधिमा सरकारी बजेट रु.६ अर्ब ४ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा बजेट रु. २ अर्ब ८६ करोडले बचतमा रहेको थियो । सरकारी खर्चको वृद्धिदर उच्च रहेकाले समीक्षा अवधिमा सरकारी बजेट घाटामा रहेको हो ।

३०. कुल बजेट घाटा पूर्ति गर्ने क्रममा नेपाल सरकारले आन्तरिक ऋण (अधिविकर्ष बाहेक) कुल रु. १३ अर्ब ३३ करोड परिचालन गरेको छ भने नेपाल राष्ट्र बैंकमा सरकारको रु. ९ अर्ब ८७ करोड बराबरको नगद मौज्दात रहेको छ । अघिल्लो वर्षको यस्तो मौज्दात रकम रु. ३ अर्ब १२ करोड समेत समावेश गर्दा सो सञ्चिति रु. १२ अर्ब ९९ करोड हुनआउँछ ।

३१. समीक्षा अवधिमा रु ५ अर्ब ४० करोड आन्तरिक ऋणको भुक्तानी समेत भएकोले अधिविकर्षसहित नेपाल सरकारको खुद आन्तरिक ऋण परिचालन ऋणात्मक रु. १ अर्ब ९४ करोड रहेको छ ।

३२. २०६५ वैशाख मसान्तमा नेपाल सरकारको कुल आन्तरिक ऋण (नेपाल राष्ट्र बैंकसँगको नगद मौज्दात समावेश गरी) रु. ९४ अर्ब २४ करोड रहेको छ । आर्थिक वर्षको शुरुमा नेपाल सरकारको यस्तो ऋण रु. ९६ अर्ब १८ करोड रहेको थियो ।

३३. कुल बजेट घाटा पूर्ति गर्ने स्रोतहरुमध्ये वैदेशिक ऋण २६.१ प्रतिशतले बढी समीक्षा अवधिमा रु. ३ अर्ब १२ करोड परिचालन भएको छ । अघिल्लो वर्षको यसै अवधिमा नेपाल सरकारले रु. २ अर्ब ४७ करोड वैदेशिक ऋण प्राप्त गरेको थियो ।

### सरकारी राजस्व र वैदेशिक नगद अनुदान

३४. आर्थिक वर्ष २०६४।६५ को पहिलो दश महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन २४.० प्रतिशतले वृद्धि भई रु. ७८ अर्ब ९९ करोड रहेको छ । अघिल्लो वर्ष राजस्व २२.५ प्रतिशतले बढेको थियो । आयातको उल्लेख्य वृद्धिका कारण भन्सार, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क राजस्वमा वृद्धि भएको र आयकर एवम् गैर-कर राजस्वमा समेत वृद्धि भएकोले राजस्व परिचालनको वृद्धि समीक्षा अवधिमा उच्च रहेको हो ।

३५. कुल राजस्व परिचालनमध्ये मूल्य अभिवृद्धि कर राजस्व संकलन २१.८ प्रतिशतले वृद्धि भई २०६५ वैशाख मसान्तमा रु. २५ अर्ब ३ करोड रहेको छ । विप्रेषण आयमा भएको वृद्धिसँगै बढ्दो आयात तथा उपभोगमा भएको वृद्धि र मूल्य अभिवृद्धि करको क्षेत्रमा भएका प्रशासनिक सुधारहरु, जस्तैः ठूला करदाता इकाईको स्थापना, विलिङ्ग प्रणालीको सुदृढीकरण, ननफाइलरको व्यवस्थापन आदिको कारण मूल्य अभिवृद्धि कर राजस्व बढेको हो ।

३६. समीक्षा अवधिमा भन्सार राजस्व परिचालन २१.५ प्रतिशतले वृद्धि भई रु. १६ अर्ब १६ करोड पुगेको छ । अघिल्लो वर्ष भन्सार राजस्व १३.१ प्रतिशतले बढेको थियो । भन्सार प्रशासनमा भएको सुधार, उच्च भन्सार महसूल लाग्ने सवारी साधनको आयातमा भएको उल्लेख्य वृद्धि र भारतीय अन्तःशुल्क फिर्ता रकम पनि बढेकाले भन्सार राजस्वको वृद्धिदर उच्च रहेको हो ।

३७. समीक्षा अवधिमा अन्तःशुल्क राजस्व २३.९ प्रतिशतले वृद्धि भई रु ८ अर्ब ३२ करोड परिचालन भएको छ। अघिल्लो वर्ष अन्तःशुल्क राजस्व ३६.३ प्रतिशतले बढेको थियो । अन्तःशुल्क प्रशासनमा गरिएका सुधारहरु, अन्तःशुल्क लाग्ने नयाँ वस्तुहरुको पहिचान र उच्च अन्तःशुल्क लाग्ने हल्का सवारी साधनहरुको आयातमा उल्लेख्य वृद्धि भएको कारण समीक्षा अवधिमा अन्तःशुल्क राजस्व बढेको हो ।

३८. समीक्षा अवधिमा सरकारको आयकर राजस्व ३४.४ प्रतिशतले वृद्धि भई रु. १३ अर्ब ८७ करोड परिचालन भएको छ । अघिल्लो वर्ष आयकर राजस्व ३२.१ प्रतिशतले बढेको थियो । बैंक तथा वित्तीय संस्थाहरुको वृद्धिसँगै अर्थतन्त्रमा कर्पोरेट संस्कृतिमा विस्तार आएकोले समीक्षा अवधिमा आयकर राजस्वको वृद्धिदर उच्च रहेको हो ।

३९. आर्थिक वर्ष २०६४।६५ को पहिलो दश महिनाको अवधिमा गैर-कर राजस्व १६.८ प्रतिशतले वृद्धि भई रु. ११ अर्ब ७३ करोड परिचालन भएको छ । अघिल्लो वर्ष गैर-कर राजस्वको वृद्धिदर ३३.३ प्रतिशत रहेको थियो । नेपाल राष्ट्र बैंकलगायत अन्य केही सरकारी संस्थानहरुबाट सरकारलाई प्राप्त हुने लाभांश रकम वृद्धि भएको, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण र नागरिक उड्डयन प्राधिकरण जस्ता संस्थानहरुबाट सरकारलाई साँवा फिर्ता प्राप्त भएका कारण गैर-कर राजस्वमा वृद्धि भएको हो ।

***वक्स १: २०६५ असार ६ सम्मको बजेट स्थिति***

- *२०६५ असार ६ सम्ममा सरकारी राजस्व २६.३ प्रतिशतले वृद्धि भई रु.९१ अर्ब ८२ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा सरकारी राजस्व २०.७ प्रतिशतले वृद्धि भएको थियो ।*
- *२०६५ असार ६ सम्ममा सरकारी खर्च १८.४ प्रतिशतले वृद्धि भई रु. १२१ अर्ब २९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च २१.२ प्रतिशतले वृद्धि भएको थियो । २०६५ असार ६ सम्ममा बजेट घाटा रु. १० अर्ब ३८ करोड रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा बजेट घाटा रु. ९ अर्ब २० करोड थियो । २०६५ असार ६ सम्ममा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रु. ५ अर्ब ६३ करोड नगद मौज्दात रहेको छ । अघिल्लो आर्थिक वर्षको रु. ३ अर्ब १२ करोड नगद मौज्दात समेत समावेश गर्दा २०६५ असार ६ सम्ममा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग कुल रु. ८ अर्ब ७५ करोड नगद मौज्दात रहेको छ ।*
- *२०६५ असार ६ सम्म रु. २९ अर्ब ६३ करोड पूँजीगत खर्च भएको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा पूँजीगत खर्च रु. २१ अर्ब ६९ करोड रहेको थियो ।*

४०. आर्थिक वर्ष २०६४।६५ को पहिलो दश महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद अनुदान वापत रु. १३ अर्ब ६८ करोड प्राप्त भएको छ । अघिल्लो वर्ष सो शीर्षकमा रु. १२ अर्ब ६२ करोड प्राप्त भएको थियो ।

**सरकारी खर्च**

४१. आर्थिक वर्ष २०६४।६५ को पहिलो दश महिनासम्म नगद प्रवाहमा आधारित कुल सरकारी खर्च २८.२ प्रतिशतले वृद्धि भई २०६५ वैशाख मसान्तमा रु. १०१ अर्ब ४६ करोड पुगेको छ । अघिल्लो वर्ष सरकारी खर्च १२.६ प्रतिशतले बढेको थियो । सरकारी खर्चका तीनै शीर्षकहरु चालू खर्च, पूँजीगत खर्च र साँवा भुक्तानीको वृद्धिदर उल्लेखनीय रुपले बढेकाले अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा कुल सरकारी खर्च बढेको हो ।

४२. समीक्षा अवधिमा नेपाल सरकारको चालू खर्च २१.९ प्रतिशतले वृद्धि भई २०६५ वैशाख मसान्तमा रु. ६४ अर्ब ७७ करोड पुगेको छ । अघिल्लो वर्ष चालू खर्च १३.६ प्रतिशतले वृद्धि भएको थियो । सरकारी कर्मचारीको तलव वृद्धि,

द्वन्द्व व्यवस्थापनसम्बन्धी खर्च, विभिन्न शीर्षकमा गैर-बजेटरी खर्चको निकासा र संविधानसभाको निर्वाचन खर्चका कारण समीक्षा अवधिमा चालू खर्च अघिल्लो वर्ष भन्दा बढेको हो ।

४३. आर्थिक वर्ष २०६४।६५ को पहिलो दश महिनासम्म नेपाल सरकारको पूँजीगत खर्च ५५.६ प्रतिशतले वृद्धि भई २०६५ बैशाखमसान्तमा रु. २३ अर्ब ३६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत खर्च ३५.० प्रतिशतले बढेको थियो । नेपाल सरकारले आयल निगमलाई पेट्रोलियम पदार्थको दायित्व भुक्तानीवापत् रु. ४ अर्ब ऋण प्रदान गरेको, कृषि विकास बैंकमा रु. १ अर्ब ७५ करोड र नेपाल विद्युत प्राधिकरणमा रु. १ अर्ब ५ करोड शेयर लगानी गरी सार्वजनिक संस्थानहरुमा रु. ७ अर्ब २४ करोड लगानी भएको र गरीबी निवारण कोषलाई रु. १ अर्ब २० करोड भुक्तानी दिएकाले समीक्षा अवधिमा पूँजीगत खर्चको वृद्धिदर उच्च रहेको हो ।

## वाह्य क्षेत्र स्थिति

### वैदेशिक व्यापार र शोधनान्तर

४४. आर्थिक वर्ष २०६४।६५ को पहिलो दश महिनाको अवधिमा कुल निर्यात घटेको छ भने आयातमा उल्लेख्य विस्तार आएको छ । यस अवधिमा कुल निर्यात १.२ प्रतिशतले घटेको छ। अन्य मुलुकतर्फको निर्यात १३.० प्रतिशतले बढेतापनि भारततर्फको निर्यात ७.५ प्रतिशतले ह्रास हुनाले कुल निर्यात घटेको हो । अघिल्लो वर्षको पहिलो दश महिनामा कुल निर्यात ०.३ प्रतिशतले घटेको थियो जसमध्ये भारततर्फको निर्यात १.० प्रतिशतले बढेको थियो भने अन्य मुलुकतर्फको निर्यात ३.१ प्रतिशतले घटेको थियो ।

४५. भारततर्फ वनस्पति घ्यू, कपडा, रसायन, खोटो तथा टुथपेष्टको निर्यातमा कमी आउनाले त्यसतर्फको निर्यात घटेको हो । अन्य मुलुकतर्फ दाल, नेपाली कागज र कागजबाट निर्मित वस्तु, जडीबूटी, गहुँ, कागजका प्याकिङ्ग सामग्री, चुरोट, विद्युतीय तार र स्टेशनरीको निर्यात बढ्नाले त्यसतर्फको निर्यात बढेको हो ।

४६. आर्थिक वर्ष २०६४।६५ को पहिलो दश महिनासम्म कुल आयात २१.० प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल आयात १०.५ प्रतिशतले बढेको थियो । कुल आयातमध्ये भारतबाट भएको आयात समीक्षा अवधिमा २५.४ प्रतिशतले वृद्धि भएको छ भने अन्य मुलुकबाट भएको आयात १३.८ प्रतिशतले बढेको छ । फलस्वरुप, यस अवधिमा व्यापार घाटा ३१.६ प्रतिशतले विस्तार भएको छ । अघिल्लो वर्ष भारत एवम् अन्य मुलुकबाट भएको आयात क्रमशः ११.४ प्रतिशत र ९.० प्रतिशतले बढेको थियो र तदनुरुप व्यापार घाटा १६.५ प्रतिशतले वृद्धि भएको थियो ।

४७. आर्थिक वर्ष २०६४।६५ को पहिलो दश महिनासम्म भारतबाट पेट्रोलियम पदार्थ, एम.एस. विलेट, सवारी साधन तथा पार्टपूर्जा, कोल्ड रोल्ड शीट इन्क्वाइल र हट रोल्ड शीट इन्क्वाइल एवम् अन्य मुलुकबाट विशेषगरी सुन, दूरसंचारका सामग्री, सवारीसाधन तथा पार्टपूर्जा, अन्य मेशिनरी तथा पार्टपूर्जा, सवारी साधन तथा पार्टपूर्जा र भिडियो, टेलिभिजन तथा पूर्जाको आयातमा उल्लेख्य वृद्धि हुनाले कुल आयात बढेको हो ।

४८. आर्थिक वर्ष २९६४।६५ को पहिलो दश महिनाको अवधिमा विदेशमा काम गर्ने नेपालीहरुले पठाएको विप्रेषण आप्रवाह उल्लेख्य ३५.३ प्रतिशतले वृद्धि भई रु. १०८ अर्ब ६४ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा विप्रेषण आप्रवाह वृद्धि ३.१ प्रतिशत रहेको थियो ।

४९. पर्यटन आय, विप्रेषण आप्रवाह एवम् पूँजीगत ट्रान्सफरमा उल्लेख्य विस्तार आएको कारण आर्थिक वर्ष २०६४।६५ को पहिलो दश महिनासम्म शोधनान्तर स्थिति रू. १९ अर्ब ८८ करोडले बचतमा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा समग्र शोधनान्तर स्थिति रू. ६ अर्ब ९७ करोडले बचतमा रहेको थियो। समीक्षा अवधिमा चालू खाता रु. ४ अर्ब ६३ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु. ५ अर्ब ४ करोडले बचतमा रहेको थियो ।

**विदेशी विनिमय सञ्चिति**

५०. २०६४ वैशाख मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६४ असार मसान्तको तुलनामा १९.३ प्रतिशतले बढी रू. १९७ अर्ब ३ करोड पुगेको छ। आर्थिक वर्ष २०६३।६४ को वैशाख मसान्तमा यस्तो सञ्चिति ०.३ प्रतिशतले घटेको थियो। अमेरिकी डलरमा भने २०६४ असारदेखि २०६५ वैशाख मसान्तसम्ममा कुल विदेशी विनिमय सञ्चिति १५.५ प्रतिशतले बढी अमेरिकी डलर २ अर्ब ९४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा १२.५ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०६४।६५ को पहिलो दश महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तर १०.६ महिनाको वस्तु आयात र ८.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ।

**अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति**

५१. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६४ वैशाख मसान्तमा प्रति व्यारल अमेरिकी डलर ६६.५१ रहेकोमा २०६५ वैशाख मसान्तमा ८६.२ प्रतिशतले बढी प्रतिव्यारल अमेरिकी डलर १२३.८३ पुगेको छ। त्यसैगरी सुनको मूल्य २०६४ वैशाख मसान्तको तुलनामा २०६५ वैशाख मसान्तमा २९.४ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर ६६८.२५ बाट अमेरिकी डलर ८६५.०० पुगेको छ।

**विनिमय दर प्रवृत्ति**

५२. २०६४ असार मसान्तको तुलनामा २०६५ वैशाख मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ३.२१ प्रतिशतले न्यूनमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १२.७९ प्रतिशतले अधिमूल्यन भएको थियो । २०६४ वैशाख मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ६५.७० रहेको थियो भने २०६५ वैशाख मसान्तमा उक्त विनिमय दर रु. ६७.०० पुगेको छ।